# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, साउन३०गते२०५४ साल (अतिरिक्ताङ्क२२ (ग+१)

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ११ ख. ले दिएको अधिकार प्रयोग गरी हाल पुनः नापी भैरहेका काठमाडौं, मोरङ, झापा, पर्सा, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा जग्गा नापीको सन्दर्भमा देखा परेका समस्या सुल्झाउने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्न प्रत्येक जिल्लाको लागि देहायबमोजिमको एक-एकवटा छुट्टाछुट्टै समिति गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार र कार्याविधि देहायबमोजिम तोकेको छ।

क. समितिको गठनः

| | |
|---|---|
| (१) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (२) सम्बन्धित जिल्लाका मालपोत कार्यालयका प्रमुख | सदस्य |
| (३) सम्बन्धित जिल्लाका जिल्ला वन कार्यालयका प्रमुख | सदस्य |
| (४) सम्बन्धित जिल्लाका सरोकार एवं समस्या परेका गा. वि. स. का अध्यक्ष | सदस्य |
| (५) सम्बन्धित नापी गोश्वाराका प्रमुख नापी अधिकृत | सदस्य-सचिव |

ख. समितिको काम, कर्तव्य र अधिकारः

(१) उक्त जिल्लामा जग्गा नापजाँच हुँदा सरकारी जग्गा, सार्वजनिक जग्गा, वन सिमानाभित्रको जग्गा वा गुठी अधीनस्थ जग्गा व्यक्ति विशेषले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिची नापनक्सा वा दर्ता गरे गराएको भन्ने सम्बन्धमा आवश्यक छानबिन गर्ने ।

(२) यसरी छानबिन गर्दा प्रचलित ऐन नियमको विपरीत नाप नक्सा, दर्ता वा आवाद गरे गराएको देखिएमा मालपोत ऐन,२०३४ को दफा २४ (४), २६, ३० बमोजिमको अधिकार प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

(३) उक्त जिल्लामा जग्गा नापजाँचको क्रममा जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ५ क र दफा ६ को उपदफा (५.ग) को प्रयोजनार्थ आवश्यक जाँचबुझ गरी निर्णय गर्ने ।

(४) यसरी छानबिन गर्दा कुनै कर्मचारीबाट प्रचलित ऐन नियमको वर्खिलाप काम काज गरेको देखिन आएमा निज उपर आवश्यक विभागीय कारवाहीको लागि राय ठहर साथ सम्बन्धित विभागमा पठाउने ।

(५) समितिलाई भएका अधिकारहरू समितिका अन्य कुनै पदाधिकारीलाई सुम्पन सकिने छैन ।

ग. समितिको कार्यावधि:

समितिको कार्यावधि नापी गोश्वारा कार्यालय सो जिल्लामा कार्यरत रहेसम्म हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन रूकुम, रोल्पा, बझाङ, कालिकोट, हुम्ला, मुगु, डोल्पा र दोलखा जिल्लाहरूमा मिति २०५४।५।१ देखि प्रारम्भ हुने गरी तोकेको छ ।

## सूचना ३

श्री ५ को सरकारले रूकुम, रोल्पा, बझाङ, कालिकोट, हुम्ला, मुगु, डोल्पा र दोलखा जिल्लाहरूमा एक एकवटा नापी शाखा खोल्ने गरी ती शाखाहरूबाट मिति २०५४।५।१ देखि काम प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
ललितबहादुर बम
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

802